विदेशी नागरिकहरूका लागि

ゆうちょ手続きアプリ

# विस्तृत प्रयोग गर्नको लागि गाइड




ゆうちょ手続き

**यो एप खाता खोल्न र पिन नम्बर पुनः दर्ता आदि जहिले पनि सहजै गर्न सकिने Japan Post Bank को औपचारिक एप हो।**

iPhone को लागि

Android को लागि

# विषय सूची



⚠ यो गाइड बुकले “विदेशी नागरिकहरू” का लागि Yucho Tetsuzuki App प्रयोग गर्ने तरिकाबारे परिचय दिन्छ। कुनै स्क्रिनमा टाइपिङ गर्न भनिँदा “जापानी भाषा” ले भर्नुहुन अनुरोध गरिएको छ।

**राम्रा पोइन्टहरू!**

- ✓ सदस्य दर्ता गर्नु पर्दैन! तुरुन्तै एप प्रयोग गर्न सकिन्छ
- ✓ धेरै भाषामा खाता खोल्न सकिन्छ
- ✓ एक प्रश्न, एक उत्तर! फटाफट एक पछि अर्को प्रश्नहरूको उत्तर दिँदै गर्दा प्रक्रिया पूरा गर्न सकिन्छ
- ✓ स्मार्टफोनबाट सबै काम गर्न सकिन्छ! आफ्नै समयमा घरमा बसेर पनि प्रक्रिया पूरा गर्न सकिन्छ


1 यो एपको बारेमा

Yucho Tetsuzuki App भनेको ........ पृष्ठ 3

समर्पित उपकरणहरू ........ पृष्ठ 4

इन्स्टल गर्ने तरिका ........ पृष्ठ 4

2 यो गाइड बुकको मार्गनिर्देशन ........ पृष्ठ 5

3 एपमा गर्न सकिने प्रक्रियाहरू

खाता खोल्नेबारे ........ पृष्ठ 6

खाता खोल्न सक्ने व्यक्तिहरू ........ पृष्ठ 6

आवश्यक चिजहरू ........ पृष्ठ 7

खाता खोल्नको लागि आवेदनका प्रक्रियाहरू ........ पृष्ठ 8

STEP 0. सुरुमा ........ पृष्ठ 9

STEP 1. महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस् ........ पृष्ठ 13

STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण ........ पृष्ठ 16

STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् ........ पृष्ठ 26

STEP 4. प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस् ........ पृष्ठ 66

4 अक्सर सोधिने प्रश्नहरू ........ पृष्ठ 71

## 1 यो एपको बारेमा

### Yucho Tetsuzuki App भनेको

Yucho Tetsuzuki App चाहिँ खाता खोल्ने र बसाइको अवधि जस्ता जानकारी अपडेट आदि प्रक्रियाहरू जहिले पनि सहजै गर्न सकिने Japan Post Bank ले उपलब्ध गराएको औपचारिक एप हो। यो एपबाट खाता खोल्दा **आफैले प्रयोग गर्ने खाताको लागि मात्र खाता खोल्ने आवेदन दिन सकिन्छ।** यो गाइड बुकले "खाता खोल्ने" विषयमा विस्तृत जानकारी दिन्छ।

*बसाइको अवधि जानकारी अपडेटबारे चाहिँ Japan Post Bank वेबसाइटमा हेर्नुहोस्।

### एप प्रयोग गर्ने तरिका

**एक प्रश्न, एक उत्तर भएकोले सजिलै प्रक्रिया पूरा गर्न सकिन्छ।**

केवल स्क्रिनमा देखाइने प्रश्नको उत्तर दिँदा सजिलै प्रक्रिया पूरा गर्न सकिन्छ।

प्रश्न हेर्ने




उत्तर छनौट गर्ने!







जानकारी भरेर पठाउने!




### 1 छनौट / भरेको विवरण सच्याउन चाहन्छु

यदि गलत जानकारी भरे पनि "**पुन: गर्ने**" छनौट गरेर सच्याउन सकिन्छ।




### 2 प्रक्रिया रोक्न चाहन्छु

स्क्रिनको सबैभन्दा माथिल्लो भागको "**×प्रक्रिया रोक्ने**" छनौट गर्नुहोस्। रोकाइ सम्बन्धी गाइड देखाइने भएकोले "**हो**" छनौट गरेमा प्रक्रिया रोकिनेछ।

*त्यतिन्जेल भर्नुभएका जानकारीहरू रद्द हुने भएकोले होसियार हुनुहोस्।






## समर्पित उपकरणहरू

क्यामेरा र IC चिप रिडिङ सुविधा (NFC सुविधा) भएको स्मार्टफोन आवश्यक छ।
समर्पित उपकरणहरू र OS को बारेमा **Japan Post Bank वेबसाइट** हेर्नुहोस्।

**Japan Post Bank वेबसाइट**

https://www.jp-bank.japanpost.jp/app/tetsuzuki/app_tz_ja.html

## इन्स्टल गर्ने तरिका

### 1 स्मार्टफोनबाट आवश्यक स्टोरमा एक्सेस गर्ने

iPhone प्रयोग गर्ने ग्राहकहरू "App Store" मा
Android स्मार्टफोन प्रयोग गर्ने ग्राहकहरू चाहिँ "Google Play" मा एक्सेस गर्नुहोस्।

### 2 एप इन्स्टल गर्ने

"Yucho Tetsuzuki App" भनेर टाइपिङ गरेर खोज्ने वा QR कोडबाट एप इन्स्टल गर्नुहोस्। एप चाहिँ निःशुल्क इन्स्टल गर्न सकिन्छ।

आइकन　iPhone को लागि　Android को लागि

ゆうちょ手続き

*एप इन्स्टल, नवीकरण र प्रयोग गर्दा लाग्ने डाटा शुल्क ग्राहक स्वयंले बेहोर्नुपर्छ।
*यो एप जापानमा मात्र उपलब्ध छ।

### 3 एपको संचालन पक्का गर्ने

एप इन्स्टल गरेपछि Yucho Tetsuzuki App को आइकन थिचेर एप सही तरिकामा चल्छ कि भनेर पक्का गर्नुहोस्। सही तरिकामा चल्दा दायाँ पट्टिको स्क्रिन देखा पर्छ।




*Apple、Apple लोगो, iPhone र iOS चाहिँ अमेरिका र अन्य देशहरूमा दर्ता गरिएको Apple Inc. को ट्रेडमार्क हो।
*App Store चाहिँ Apple Inc. को सेवा चिन्ह हो।
*Android, Google Play, Google Play लोगो चाहिँ Google LLC को ट्रेडमार्क हो।
*QR कोड चाहिँ DENSO WAVE INCORPORATED को दर्ता गरिएको ट्रेडमार्क हो।

## ② यो गाइड बुकको मार्गनिर्देशन

यो गाइड बुकमा देखाइएको स्क्रिनहरू वास्तविकभन्दा फरक हुन सक्छन्।
साथै कुनै सूचनाविना परिवर्तन गर्न सकिन्छ भन्ने कुरा पनि बुझिराख्नुहोस्।

### ① नोट

प्रक्रिया पूरा गर्न ध्यान दिनुपर्ने नोट लेखिएको छ।

⚠ **ध्यान दिनुहोस्**

### ② प्रयोगका मुख्य पोइन्टहरू

एप प्रयोग गर्दा ध्यान दिनुपर्ने पोइन्टहरू लेखिएका छन्।

? **प्रयोगका मुख्य पोइन्टहरू**

## 3 एपमा गर्न सकिने प्रक्रियाहरू

### खाता खोल्नेबारे

निवास कार्ड भएमा खाता खोल्नको लागि आवेदन दिन सकिन्छ।
अपरेशन सहायता केन्द्रले खाता खोल्नको लागि आवेदनका विवरणहरू जाँच गर्छ र पक्का गर्न लगभग 1 हप्ताजति समय लाग्छ।
Yucho Tetsuzuki App बाट आवेदन दिएर खोल्न सकिने खाता चाहिँ पासबुक जारी नगरिने **पासबुक-रहित एकीकृत खाता "Yucho Direct + (Plus)"** हो।

*पासबुक चाहिएको खण्डमा पासबुक नवीकरणका लागि ATM मा नगद कार्ड प्रयोग गरेर पासबुक जारी गर्ने प्रक्रिया पूरा गर्न सकिन्छ। खाता खोलेको 2 महिनाभित्र तथा पहिलो पटकको लागि मात्र शुल्क लाग्दैन (2 महिना बितिसकेको खण्डमा तोकिएको शुल्क लाग्नेछ)।
*अपरेशन सहायता केन्द्रले आवेदन विवरण जाँच गरेको नतिजा लगभग 1 हप्ता पछि तपाईंले बुझाउनुभएको इमेल ठेगानामा पठाउनेछ।
*छाप दर्ता चाहिएको व्यक्तिले खाता खोलेपछि IC नगद कार्ड / दर्ता गर्ने छाप / अनुहारको फोटो सहितको व्यक्तिगत पहिचान कागजात (चालकको अनुमतिपत्र / व्यक्तिगत नम्बर कार्ड / निवास कार्ड आदि) लिएर नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा छाप दर्ताको लागि प्रक्रिया पूरा गर्नुहोस्।

### खाता खोल्न सक्ने व्यक्तिहरू

**Japan Post Bank को एकीकृत खाता नभएका ग्राहकहरू**

**जापानभित्र बसोबास गरेका ग्राहकहरू**

**16 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिगत ग्राहकहरू***

*बालबालिकाको खाता खोल्नका लागि खातावाला (बालबालिका) र प्रतिनिधि (अभिभावक) दुवैजना जापानी नागरिक हुनुपर्छ।

### ⚠ निम्न व्यक्तिहरूले प्रक्रिया गर्न सक्नुहुन्न

- पहिल्यै Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेका ग्राहकहरू (अहिले प्रयोग नगरे पनि (खाता बन्द गरिसकेको अवस्थामा बाहेक) लागू हुन्छ)
- व्यवसायको लागि खाता प्रयोग गर्न चाहने व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- 16 वर्षभन्दा मुनिका ग्राहकहरू
- विदेशी नागरिक तर निवास कार्ड नभएका ग्राहकहरू (विशेष स्थायी निवासी / कूटनीतिज्ञ आदि)
- निवास कार्डको बसाइ अवधिको म्याद समाप्त हुने मिति 3 महिनाभन्दा कम वा निवास कार्ड नवीकरण प्रक्रियामा रहेका ग्राहकहरू
- विदेशी सरकार आदिमा महत्त्वपूर्ण औपचारिक ओहदाको व्यक्ति / उहाँका परिवार (विदेशी PEPs (राजनीतिक रूपमा प्रभावशाली व्यक्ति)) मा पर्ने ग्राहकहरू
- जापानमा बसोबास नगरेका ग्राहकहरू
- वयस्क अभिभावकत्व प्रणाली प्रयोग गरेका ग्राहकहरू
- नाममा II, III आदि समावेश हुने ग्राहकहरू

## आवश्यक चिजहरू

खाता खोल्ने आवेदन दिनको लागि स्मार्टफोन र निम्न 1 2 आवश्यक पर्छ।
पहिल्यै तयारी गर्न अनुरोध गरिएको छ।

### 1 व्यक्तिगत पहिचान कागजात

व्यक्तिगत पहिचान कागजातको रूपमा निवास कार्ड आदि चाहिन्छ।




*भर्ती भएको पुष्टि गर्ने विद्यार्थी परिचयपत्र वा कर्मचारी परिचयपत्र आदि नभएको खण्डमा यो बैंकको वेबसाइटमा उल्लेखित आबद्धता / रोजगार प्रमाणपत्र फर्म्याट प्रयोग गर्नुहोस् (कार्यस्थल वा शिक्षण संस्थाको सम्बन्धित् अधिकारीले फाराम भर्नुहोस्)।

#### ⚠ व्यक्तिगत पहिचान कागजात सम्बन्धी नोट

- तपाईंको निवास कार्डमा आवेदन दिएको मितिदेखि बसाइ अवधिको म्याद समाप्त हुने मितिसम्मको अवधि 3 महिनाभन्दा बढी हुनुपर्छ र हालको ठेगाना उल्लेख गरिएको हुनुपर्छ।
- बसोबास योग्यता अनुसार विद्यार्थी परिचयपत्र, कर्मचारी परिचयपत्र वा रोजगार प्रमाणपत्रको फोटो खिच्नुपर्ने हुन सक्छ।
- यदि तपाईंले बसोबासको प्रमाणपत्र वा व्यक्तिगत नम्बरको सूचना जस्ता अनावश्यक कागजातहरूको फोटो खिच्नुभयो भने खाता खोल्न सकिँदैन।

### 2 इमेल ठेगाना

आवेदन विवरण जाँच गरेको नतिजा पठाउनको लागि इमेल ठेगाना दर्ता गर्नु आवश्यक पर्छ।



इमेल ठेगाना

#### ⚠ इमेल ठेगाना सम्बन्धी नोट

इमेल ठेगाना पुष्टि गर्न र खाता खोल्ने आवेदनका विवरणहरू जाँच गरेको नतिजा पठाउन निम्न इमेल ठेगानाबाट इमेल पठाइनेछ।
**information@tetsuzuki.jp-bank.japanpost.jp**
यदि तपाईंले स्पाम मेल्स अस्वीकार गर्ने सेटिङ्ग गर्नुभएको छ भने इमेल प्राप्त नहुन सक्छ। पहिल्यै आफ्नो इमेल स्वीकृति सेटिङ्ग पक्का गर्नुहोस्।

## खाता खोल्नको लागि आवेदनका प्रक्रियाहरू

यो एपमा खाता खोल्नको लागि आवेदनका प्रक्रियाहरू निम्न अनुसार छन्।
प्रत्येक बुँदाहरूमा जानकारी भर्ने र पक्का गरेर खाता खोल्नको लागि आवेदन पेस गर्न सकिन्छ।

**STEP 0.**
**सुरुमा**

पृष्ठ 9 एप सुचारु गर्ने र भाषा छनौट गर्ने
पृष्ठ 11 व्यक्तिगत जानकारीको व्यवस्थापन हेर्ने

**STEP 1.**
**महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्**

खाता खोल्ने

पृष्ठ 13 महत्त्वपूर्ण सूचना हेर्ने
पृष्ठ 15 नागरिकता पुष्टि गर्ने

**STEP 2.**
**व्यक्ति पहिचान प्रमाणिकरण**

पृष्ठ 16 निवास कार्ड तयारी गर्ने / पुष्टि गर्ने
पृष्ठ 20 निवास कार्ड स्क्यान गर्ने
पृष्ठ 21 निवास कार्डको पछाडिको फोटो खिच्ने
पृष्ठ 22 आफ्नो अनुहारको फोटो खिच्ने

**STEP 3.**
**आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्**

पृष्ठ 26 निवास कार्डका जानकारीहरू पुष्टि गर्ने / भर्ने
→पृष्ठ 26 नागरिकता पुष्टि गर्ने
→पृष्ठ 31 नाम पुष्टि गर्ने
→पृष्ठ 34 ठेगाना पुष्टि गर्ने
पृष्ठ 37 अन्य जानकारीहरू भर्ने
→पृष्ठ 37 फोन नम्बर भर्ने
→पृष्ठ 39 कार्यस्थल / शिक्षण संस्थामा आबद्धताको पुष्टि गर्ने
पृष्ठ 44 बसोबास गर्ने देश (कर तिर्ने देश) आदि पुष्टि गर्ने
पृष्ठ 49 कारोबारको उद्देश्य आदिको घोषणाबारे
पृष्ठ 63 नगद कार्डको पिन नम्बर सेटिङ्ग गर्ने
पृष्ठ 64 Yucho Direct सेटिङ्ग गर्ने

**STEP 4.**
**प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्**

पृष्ठ 66 प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्
पृष्ठ 68 खाता खोल्ने आवेदनको जाँचबारे
पृष्ठ 69 इमेल ठेगाना भर्ने
पृष्ठ 70 तपाईंको आवेदन पेस गरियो

STEP 0. सुरुमा

## एप सुचारु गर्ने र भाषा छनौट गर्ने

### 1 एप सुचारु गर्ने

"**Yucho Tetsuzuki App**" को आइकन छनौट गरेर थिच्नुहोस्। आइकन थिच्नुभयो भने एप सुचारु हुन्छ। स्मार्टफोन एप प्रयोगका सर्तहरू पढेर त्यसमा सहमत हुनुभयो भने "**同意する(Agree)**" छनौट गर्नुहोस्।






### 2 भाषा छनौट गर्ने

स्क्रिन माथि दायाँको "**Language**" बटन थिच्नुभयो भने भाषा छनौट स्क्रिन देखाइनेछ। प्रयोग गर्न चाहनुभएको भाषा छनौट गर्नुहोस्।

*पहिलो पटक एप खोल्दा OS को भाषा सेटिङ्ग अनुसार Yucho Tetsuzuki App को भाषा सेट गरिनेछ। यदि Yucho Tetsuzuki App मा उपलब्ध नभएको भाषामा OS को भाषा सेटिङ्ग गरिएको खण्डमा अंग्रेजीमा देखाइनेछ।

> ⚠ प्रक्रिया अनुसार उपलब्ध भाषा फरक हुन सक्छ। युच्यो डेबिटको आवेदनको लागि जापानी भाषाको साइटमा गइन्छ।



## STEP 0. सुरुमा

# गर्न चाहेको प्रक्रिया छनौट गर्ने

### ❶ प्रक्रिया विवरण छनौट गर्ने

"**म नयाँ खाता बनाउन चाहन्छु**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



**STEP 0. सुरुमा**

## व्यक्तिगत जानकारीको व्यवस्थापन हेर्ने

### 1 "व्यक्तिगत जानकारीको व्यवस्थापनको बारेमा" हेर्ने

"**व्यक्तिगत जानकारीको व्यवस्थापनको बारेमा**" को लिङ्क थिचेर विवरणहरू पढ्नुहोस्।

### 2 "सहमत छु" छनौट गर्ने

व्यक्तिगत जानकारीको व्यवस्थापनको बारेमा सहमत हुनुभयो भने "**सहमत छु**" थिचेर अर्को स्क्रिनमा जानुहोस्।



**STEP 0. सुरुमा**

## प्रक्रियाको प्रवाह हेर्ने

खाता खोल्ने आवेदन पूरा नगरुन्जेल सम्मको "प्रक्रियाको प्रवाह" को गाइड हो।

### ① ह्यान्डलिङ शाखा नम्बर भर्ने

"**Japan Post Bank वा हुलाक कार्यालयमा यो एपको जानकारी गराइएको हो भने, कृपया जानकारी गराउने ह्यान्डलिङ शाखा नम्बर प्रविष्ट गर्नुहोस्**" भनेर स्क्रिनमा च्याट र उत्तर दिने ठाउँ देखा पर्ने भएकोले जवाफ दिने ठाउँमा ह्यान्डलिङ शाखा नम्बर (5 वा 6 अङ्कको सङ्ख्या) भर्नुहोस्।
एपको बारेमा जानकारी गराइएको छैन भने "**जानकारी गराइएको छैन**" छनौट गर्नुहोस्।




### ② प्रत्येक कदमहरू हेर्ने

प्रक्रियाहरू चाहिँ "महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्", "व्यक्ति पहिचान प्रमाणिकरण", "आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्" र "प्रक्रियाका विषयवस्तुको पुष्टिकरण" का 4 वटा कदमहरू हुन्। यो एपमा खाता खोल्ने आवेदन दिन लाग्ने समय चाहिँ 15 देखि 20 मिनेट जति हो।

### ③ "बन्द गर्नुहोस्" छनौट गर्ने

प्रक्रियाको प्रवाह हेरेपछि "**बन्द गर्नुहोस्**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 1. महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्

### महत्त्वपूर्ण सूचना हेर्ने

प्रक्रिया सुरु गर्नुभन्दा अगाडि Japan Post Bank बाटको महत्त्वपूर्ण सूचना हेर्नुहोस्।

#### 1 "महत्त्वपूर्ण सूचना जाँच गर्नुहोस्" छनौट गर्ने

"**महत्त्वपूर्ण सूचना जाँच गर्नुहोस्**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

#### 2 ध्यान दिनुपर्ने कुराहरू हेर्ने

"ध्यान दिनुपर्ने कुराहरू" हेर्नुहोस्।
**नोटका विवरणहरू लागू हुने ग्राहकहरू यो एपबाट प्रक्रिया पूरा गर्न सक्नुहुन्न।** पहिल्यै बुझिराख्नुहोस्।

> ⚠ खाता खोल्नको लागि आवेदनका विवरणहरू जाँच गरिनेछ।
> जाँचको नतिजा स्वरूप खाता खोल्न अस्वीकार गर्न पनि सकिन्छ। पहिल्यै बुझिराख्नुहोस्।

#### 3 खाताको विशेषताहरू हेर्ने

"खाताको विशेषताहरू" हेर्नुहोस्।
यो एपद्वारा चाहिँ पासबुक-रहित एकीकृत खाता "Yucho Direct + (Plus)" को लागि मात्र आवेदन दिन सकिन्छ। पासबुक चाहिएको खण्डमा पासबुक नवीकरणका लागि ATM मा नगद कार्ड प्रयोग गरेर पासबुक जारी गर्ने प्रक्रिया पूरा गर्न सकिन्छ। खाता खोलेको 2 महिनाभित्र तथा पहिलो पटकको लागि मात्र शुल्क लाग्दैन (2 महिना बितिसकेको खण्डमा तोकिएको शुल्क लाग्नेछ)।






## STEP 1. महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्

### 4 अन्य ध्यान दिनुपर्ने कुराहरू

"अन्य ध्यान दिनुपर्ने कुराहरू" हेर्नुहोस्।

### 5 "पुष्टि गरी अर्कोमा जाने" छनौट गर्ने

1 देखि 4 का विवरणहरू हेरेपछि "**पुष्टि गरी अर्कोमा जाने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।






## STEP 1. महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्

### नागरिकता पुष्टि गर्ने

**1 "विदेशी नागरिकता" छनौट गर्ने**

"**विदेशी नागरिकता**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### ● निवास कार्ड तयारी गर्ने / पुष्टि गर्ने

तपाईंको व्यक्तिगत पहिचान पुष्टि गर्नको लागि निवास कार्ड तयारी गर्नुहोस्।

#### 1 “छ” छनौट गर्ने

“**छ**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।




### ⚠ निवास कार्ड नभएकाहरू

निम्न ग्राहकहरूलाई नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्न अनुरोध गरिन्छ।

- **विशेष स्थायी बासिन्दा**
- **कूटनीतिज्ञ, कूटनीतिक कर्मचारीहरू**
- **अमेरिकी सेनासँग सम्बन्धित् व्यक्तिहरू**
- **संयुक्त राष्ट्र संघको सेनासँग सम्बन्धित् व्यक्तिहरू**

माथि उल्लेखित वर्गमा नपर्ने र निवास कार्ड नभएकाहरूले खाता खोल्न सक्नुहुने छैन।

### ⚠ निवास कार्ड नवीकरण प्रक्रियामा रहेका व्यक्तिहरू

निवास कार्ड नवीकरण प्रक्रियामा रहेका ग्राहकहरू यो एपबाट र काउन्टरमा पनि खाता खोल्न सक्नुहुने छैन। निवास कार्ड नवीकरण गरेपछि प्रक्रिया गर्न अनुरोध गरिएको छ।

#### 2 “ध्यान दिनुपर्ने कुराहरू जाँच गर्नुहोस्” छनौट गर्ने

“**ध्यान दिनुपर्ने कुराहरू जाँच गर्नुहोस्**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### ध्यान दिनुपर्ने कुराहरू हेर्ने

**1 प्रक्रिया पूरा गर्ने बेलाको नोट हेर्ने**

“प्रक्रियाको क्रममा” को विवरण हेर्नुहोस्।

**2 खाता प्रयोग गर्ने बेलाको विवरण हेर्ने**

“खाता प्रयोग गर्दा” को विवरण हेर्नुहोस्।

**3 “पुष्टि गरी अर्कोमा जाने” छनौट गर्ने**

1 देखि 2 का विवरणहरू हेरेपछि “**पुष्टि गरी अर्कोमा जाने**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

**4 “व्यक्ति पहिचान प्रमाणिकरणमा अगाडि बढ्नुहोस्” छनौट गर्ने**

“**व्यक्ति पहिचान प्रमाणिकरणमा अगाडि बढ्नुहोस्**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### निवास कार्ड स्क्यान गर्न रयारी गर्ने

***पृष्ठ 18 देखि पृष्ठ 25 सम्मका विवरणहरूको केही गाइड ग्राहक अनुसार फरक हुन सक्छ।**

निवास कार्ड स्क्यान गर्न तयारी गरौँ।
तपाईंको हातमा निवास कार्ड तयारी गरेर स्क्रिनको निर्देशन अनुसार कदम चाल्नुहोस्।

**1 प्रयोगका प्रवाह हेर्ने**

"चरणहरू" हेर्नुहोस्।

**2 महत्त्वपूर्ण जानकारी हेर्ने**

"महत्त्वपूर्ण जानकारी" का विवरणहरू हेर्नुहोस्।

**3 "अर्को" छनौट गर्ने**

"**अर्को**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

# निवास कार्ड नम्बर भर्ने

### ❶ निवास कार्ड नम्बर भर्ने

निवास कार्ड नम्बर प्रत्येक खाली ठाउँमा भर्नुहोस्।




सुरुका 2 वटा अंग्रेजी अक्षरहरू भर्ने




8 सङ्ख्याको अङ्क भर्ने




अन्तिम 2 वटा अंग्रेजी अक्षरहरू भर्ने




### ❷ "अर्को" छनौट गर्ने

निवास कार्ड नम्बर भर्नुभयो भने "अर्को" बटन छनौट गर्न सकिन्छ।
"**अर्को**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### निवास कार्ड स्क्यान गर्ने

निवास कार्ड स्क्यान गरिन्छ। स्क्रिनको निर्देशन अनुसार कदम चाल्नुहोस्।

#### 1 निवास कार्ड स्क्यान गाइड हेर्ने

व्याख्या हेरेपछि "सुरु गर्नुहोस्, त्यसपछि कार्ड छुनुहोस्" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

#### 2 निवास कार्ड स्क्यान गर्ने

स्क्रिनको निर्देशन अनुसार निवास कार्ड स्मार्टफोनमा टाँसेर निवास कार्ड स्क्यान गर्नुहोस्।

कार्ड स्क्यान सफल भयो भने स्वतः अर्को स्क्रिनमा गइन्छ।







### निवास कार्डको IC चिप रिडिङ गर्न नसकेको खण्डमा निम्न कुराहरू पक्का गर्नुहोस्।

- चार्जर र इयरफोनको केबल निकाल्नुहोस्।
- स्मार्टफोन पर्याप्त मात्रामा चार्ज गर्नुहोस्।
- IC कार्ड धातुको टेबुलमा नराख्नुहोस्।
- कार्डलाई कभरबाट निकाल्नुहोस्।
- रिडिङ स्क्रिन देखा परेपछि एकछिन नचलाउनुहोस्।
- स्मार्टफोनमा टाँस्ने ठाउँ परिवर्तन गरेर प्रयास गर्नुहोस्।
- स्मार्टफोन कभरबाट निकालेमा रिडिङ गर्न सहज हुन सक्छ।
- स्मार्टफोनमा रिङ्ग जडान गरिएको छ भने निकाल्नुहोस्।
- स्मार्टफोनमा कार्ड चपक्क टाँसेर रिडिङ नसकुन्जेल एकछिन पर्खनुहोस्। 15 सेकन्ड जति समय लाग्न सक्छ।
- स्मार्टफोनको सेटिङ्ग परिवर्तन गर्नुभयो भने समस्या हट्न सक्छ।

## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### निवास कार्डको पछाडिको फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार स्मार्टफोनले निवास कार्डको पछाडिको फोटो खिच्नुहोस्।




#### 1 नोट हेर्ने

स्क्रिनमा उल्लेखित नोट हेर्नुहोस्।

> ⚠ **फोटो खिच्नको लागि नोट**
>
> निवास कार्डको फोटो खिच्दा सेतो बाहेकको अर्को रङ्गको पृष्ठभूमिमा राखेर खिच्नुहोस्।




#### 2 "स्क्यान सुरु गर्नुहोस्" छनौट गर्ने

"**स्क्यान सुरु गर्नुहोस्**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।




#### 3 निवास कार्डको पछाडिको फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार निवास कार्डलाई स्क्रिनमा देखाइएको फ्रेम भित्र राख्नुहोस्। निवास कार्ड स्क्यान गरेपछि स्वतः फोटो खिचिनेछ।

फोटो खिचिसकेपछि स्वतः अर्को स्क्रिनमा गइन्छ।




#### 4 निवास कार्डको खिचिएको फोटो पक्का गर्ने

खिचेको फोटो अस्पष्ट भएमा "**पुनः लिनुहोस्**" छनौट गर्नुहोस्।

## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### ● आफ्नो अनुहारको फोटो खिच्ने

### आफ्नो अनुहारको फोटो खिच्ने ① / सिधा अगाडिबाट खिच्ने

स्क्रिनको निर्देशन अनुसार तपाईंको अनुहारको फोटो खिच्नुहोस्।

**① फोटो खिच्नको लागि फ्रेम भित्र मिलाउने**

स्क्रिनको निर्देशन अनुसार अरू मान्छेको अनुहार नआउने गरी आफ्नो अनुहार फ्रेम भित्र राख्नुहोस्।

**② आफ्नो अनुहार (सिधा अगाडिबाट) को फोटो खिच्ने**

स्क्रिनको निर्देशन अनुसार फ्रेम निलो नभएसम्म साइज मिलाउनुहोस्।
तपाईंको अनुहार चिनिएपछि स्वतः फोटो खिच्नेछ।

फोटो खिचिसकेपछि स्वतः अर्को स्क्रिनमा गइन्छ।







### ⓘ फोटो खिच्ने प्रक्रिया राम्रोसँग पुरा भएन भने निम्न कुराहरू पक्का गर्नुहोस्।

- उज्यालो ठाउँमा खिच्नुहोस्।
- उल्टो प्रकाश आदिका कारण पृष्ठभूमि धेरै चम्किलो नहुन ध्यान दिनुहोस्।
- कोठाभित्र झ्यालबाट कडा प्रकाश आएमा पर्दा लगाएर कोठाको बत्ती बाल्नुहोस्।
- अँध्यारो वातावरणमा वा क्यामेराको लेन्स फोहोर भएको अवस्थामा दर्ता नगर्नुहोस्।
- क्यामेरालाई सिधै सूर्यतिर नफर्काउनुहोस्।
- क्यामेरामा औँलाको छाप वा फोहोर लागेमा नरम कपडाले पुछ्नुहोस्।
- चस्मा, टोपी र मास्क फुकाल्नुहोस्।
- प्रिभ्यु स्क्रिनमा अरू मान्छेको अनुहार नआउन होसियार हुनुहोस्।
- क्यामेराको सिधा अगाडि अनुहार फर्काउनुहोस्।

## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### आफ्नो अनुहारको फोटो खिच्ने ② / अनुहारको हाउभाउको फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार तपाईंको अनुहारको फोटो खिच्नुहोस्।

#### ❶ फोटो खिच्नको लागि फ्रेम भित्र मिलाउने

स्क्रिनको निर्देशन अनुसार मुख ठूलो खोलेर "आ" को आकार बनाउनुहोस्।

#### ❷ आफ्नो अनुहार (हाउभाउ) को फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार फ्रेम निलो नभएसम्म साइज मिलाउनुहोस्। तपाईंको अनुहार चिनिएपछि स्वतः फोटो खिच्नेछ।

फोटो खिचिसकेपछि स्वतः अर्को स्क्रिनमा गइन्छ।






## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

### आफ्नो अनुहारको फोटो खिच्ने ③ / फ्ल्यास बालेर फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार तपाईंको अनुहारको फोटो खिच्नुहोस्।

**1 फोटो खिच्नको लागि फ्रेम भित्र मिलाउने**

स्क्रिनको निर्देशन अनुसार मुख बन्द गरी अनुहार नजिक ल्याउनुहोस्।

**2 आफ्नो अनुहार (फ्ल्यास बालेर) को फोटो खिच्ने**

स्क्रिनको निर्देशन अनुसार फ्रेम निलो नभएसम्म साइज मिलाउनुहोस्। तपाईंको अनुहार चिनिएपछि स्वतः फोटो खिचिनेछ।

स्क्रिन चम्किनेछ, त्यसैले अनुहार नहल्लाईकन पर्खनुहोस्।

**3 फोटो खिच्न सकियो।**

हरियो चेक मार्क देखा पर्यो भने फोटो खिच्ने काम सिद्धियो। फोटो खिचिसकेपछि स्वतः अर्को स्क्रिनमा गइन्छ।

**⚠ अनुहारको मिलानबारे**

खिचिएको तपाईंको अनुहारको फोटो "मेल नखाएको" ठहरिएमा, कृपया फेरि फोटो खिच्नुहोस्।

*तपाईं स्वयम् हुनुभए तापनि कहिलेकाहीं मेल नखान सक्छ।












## STEP 2. व्यक्ति पहिचान प्रमाणिकरण

# निवास कार्डको अगाडिको भागको फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार निवास कार्डको अगाडिको भागको फोटो खिच्नुहोस्।

### 1 "क्यामेरा सुरु गर्ने" छनौट गर्ने

"**क्यामेरा सुरु गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

⚠ यदि निवास कार्ड कभरमा हाल्नुभएको छ भने बाहिर निकालेर फोटो खिच्नुहोस्।

### 2 निवास कार्डको अगाडिको भागको फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार निवास कार्डलाई फ्रेम भित्र अटाएर "**फोटो खिच्नुहोस्**" छनौट गर्नुहोस्।

### 3 फोटो खिच्न सकियो।

फोटो अस्पष्ट भएको वा निवास कार्ड (अगाडिको भाग) बाहेक केही चिज खिचिएको खण्डमा फेरि फोटो खिच्नुहोस्।
राम्रो भयो भने "**यो तस्बिर प्रयोग गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।










⚠ निम्न अवस्थामा फेरि फोटो खिच्न अनुरोध गरिन्छ।

**फेरि फोटो खिच्नुपर्ने अवस्था**



फोटो अस्पष्ट भएको



निवास कार्ड बाहेक केही चिज पनि सँगै खिचिएको

फोटो अस्पष्ट भएको वा अरू केही चिज पनि सँगै खिचिएको खण्डमा फेरि आवेदन दिनुपर्ने हुन सक्छ।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

## निवास कार्डका जानकारीहरू पुष्टि गर्ने / भर्ने

स्क्यान गरेको निवास कार्डको जानकारी च्याट स्क्रिनमा देखाइनेछ।
तपाईंको जानकारीमा गल्ती छ कि छैन अनि निवास कार्डको जानकारीसित मेल खान्छ कि खाँदैन भनेर पक्का गर्नुहोस्।
सच्याउनु परेमा निर्देशन अनुसार सच्याइएको विवरण भर्नुहोस्।
निवास कार्डबाट जानकारी स्क्यान गर्न नसकेको खण्डमा च्याटको निर्देशन अनुसार स्क्रिनमा छनौट वा जापानी भाषामा टाइपिङ गर्नुहोस्।

***पृष्ठ 26 देखि पृष्ठ 36 सम्मका विवरणहरूको केही गाइड ग्राहक अनुसार फरक हुन सक्छ।**

## नागरिकता पुष्टि गर्ने

### 1 नागरिकता (राष्ट्रियता) पुष्टि गर्ने / सच्याउने

उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### बसोबास योग्यता पुष्टि गर्ने

**1 बसोबास योग्यता पुष्टि गर्ने / सच्याउने**

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# बसाइ अवधि पुष्टि गर्ने

### ① बसाइ अवधि पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने “**सही छ**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा “**सच्याउने**” छनौट गरेर सही विवरण भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# बसाइ अवधिको म्याद समाप्त हुने मिति पुष्टि गर्ने

### ① बसाइ अवधिको म्याद समाप्त हुने मिति पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।

⚠ आवेदन दिएको मितिदेखि बसाइ अवधिको म्याद समाप्त हुने मितिसम्मको अवधि 3 महिनाभन्दा बढी हुनुपर्छ।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

## निवास कार्डको म्याद समाप्त हुने मिति पुष्टि गर्ने

### 1 निवास कार्डको म्याद समाप्त हुने मिति पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# नाम पुष्टि गर्ने

### 1 नाम पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने “**सही छ**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा “**सच्याउने**” छनौट गरेर सही विवरण भर्नुहोस्।

नाम चाहिँ खान्जीमा पनि भर्न सकिन्छ (खान्जी नाम सँगै लेखिएको निवास कार्डको लागि मात्र)। खान्जीमा भर्नुभयो भने थप अंग्रेजी अक्षरमा पनि भर्नुपर्छ।

यदि तपाईंले सानो अंग्रेजी अक्षरमा भर्नुभयो भने त्यो स्वतः ठूलो अक्षरमा परिवर्तन हुनेछ।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# नाम (काताकाना) पुष्टि गर्ने

### 1 नाम (काताकाना) पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने “**सही छ**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा “**सच्याउने**” छनौट गरेर सही विवरण भर्नुहोस्।

⚠ आफ्नो नाम (काताकाना) जापानी अक्षरमा भर्ने तरिका थाहा नभएमा कृपया कार्यस्थलको सम्बन्धित् व्यक्तिलाई सोधेर पक्का गरेपछि भर्नुहोस्।

⚠ यदि विवरण सच्याउनु परेमा अवश्य “जापानी भाषा” मा भर्नुहोस्।

⚠ काताकानामा परिवर्तन हुन नसक्ने शब्द भएमा कृपया सबै अक्षरहरू हातले भर्नुहोस्।

**उदाहरण) “MICHEL　AAA”**
**→“ミッシェル　AAA”**

माथि उल्लेखित “AAA” जस्तै काताकानामा परिवर्तन नहुने खण्डमा कृपया “ミッシェル　エーエーエー” भनेर सबै अक्षरहरू हातले भर्नुहोस्।
साथै, “AAA BBB” जस्तै सबै अक्षरहरू काताकानामा परिवर्तन नहुने खण्डमा केही पनि नदेखाइने भएकोले सबै अक्षरहरू हातले भर्नुहोस्।

⚠ नाम (अंग्रेजी) सँग एउटै ठाउँमा स्पेस राख्नुहोस्।
नाम (अंग्रेजी) र नाम (काताकाना) बीचमा स्पेसको सङ्ख्या मिलेन भने एरर हुन्छ।

**उदाहरण)「AAA△BBB」**
**→“エーエーエー△ビービービー”**
△ : स्पेस



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# जन्ममिति पुष्टि गर्ने

### ① जन्ममिति पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।

⚠ 16 वर्षभन्दा मुनिका ग्राहकहरू यो एपबाट प्रक्रिया गर्न सक्नुहुन्न।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# ठेगाना पुष्टि गर्ने

### 1 ठेगाना पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्। साथै, ब्लक नम्बर (बान्ची) र घर नम्बर (गोउ) को लागि "**- (ड्यास)**" प्रयोग गर्न सकिन्छ।




⚠ यदि ठेगाना सच्याउनु परेमा कृपया जापानको ठेगाना लेख्ने नियम अनुसार भर्नुहोस्।

**उदाहरण) जापानको ठेगाना भर्ने क्रम**

| ① | ② | ③ | ④ |
|---|---|---|---|
| 〒100-0004 | 東京都 | 千代田区大手町 | 2丁目3番1号 |
| पोस्ट कोड | प्रिफेक्चर | सहर / नगरपालिका | ब्लक / नम्बर |

*माथिको ठेगाना अंग्रेजीमा लेख्दा क्रम उल्टो हुने भएकोले गलत क्रममा नभर्न होसियार हुनुहोस्।

| ④ | ③ | ② | ① |
|---|---|---|---|
| 2-3-1 | , Otemachi,Chiyoda-ku , | Tokyo | , 100-0004 |
| ब्लक / नम्बर | सहर / नगरपालिका | प्रिफेक्चर | पोस्ट कोड |

### ? ठेगाना पुष्टि गर्नेबारे

च्याट स्क्रिनमा देखाइएको ठेगाना र निवास कार्डमा लेखिएको ठेगाना मेल खान्छ कि पुष्टि गर्नुहोस्।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### राम्रोसँग ठेगाना स्क्यान गर्न नसकेको खण्डमा

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### 1 सच्याउनु पर्ने ठेगाना छनौट गर्ने

गल्ती भएको भाग छनौट गर्नुहोस्। एकभन्दा बढी विकल्पहरू छनौट गर्न सकिन्छ।

#### 2 प्रिफेक्चर देखि च्योउमे र आजा सम्मको भाग सच्याउने

"**पोस्ट कोड**" भर्नुहोस्।
भरिसकेपछि "**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

* पोस्ट कोड थाहा नभएको खण्डमा "पोस्ट कोड थाहा छैन" छनौट गरी च्याटको निर्देशन अनुसार ठेगाना छनौट गर्नुहोस्।



#### 3 प्रिफेक्चर देखि च्योउमे र आजा सम्मको भाग छनौट गर्ने

तपाईंले भर्नुभएको पोस्ट कोड अनुसार प्रिफेक्चर देखि च्योउमे र आजा सम्मको ठेगाना देखा पर्ने भएकोले छनौट गर्नुहोस्।

"Translate into Japanese" छनौट गरेमा प्रिफेक्चर देखि च्योउमे र आजा सम्म जापानी भाषामा अनुवाद गरिनेछ।






#### 4 ब्लक / नम्बर सच्याउने

"**ब्लक / नम्बर**" भर्नुहोस्। भरिसकेपछि "**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

#### 5 कोठा नम्बर भर्ने

"**कोठा नम्बर**" भर्नुहोस्। भरिसकेपछि "**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्। कोठा नम्बर नभएको खण्डमा "**कोठा नम्बर छैन**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

भवनको नाम भर्नु पर्दैन।
*भवनको नाम नहुँदा हुलाकबाट चिठीहरू आइपुग्ने छैन भने त्यो भर्नुहोस्।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### जापानमा प्रवेश गरेको मिति पुष्टि गर्ने

**1 जापानमा प्रवेश गरेको मिति पुष्टि गर्ने / सच्याउने**

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### अन्य जानकारीहरू भर्ने

### फोन नम्बर भर्ने

**1 फोन नम्बर भर्ने**

"**फोन नम्बर**" भर्नुहोस्।

**2 फोन नम्बर पुष्टि गर्ने**

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

तपाईंसँग आफ्नो फोन नम्बर छ भने अवश्य भर्नुहोस् (आफ्नो फोन नम्बर छैन भने नभरीकन "**मसँग फोन छैन**" छनौट गर्नुहोस्। फोन नम्बर पाएपछि ATM आदिबाट फोन नम्बर दर्ता गर्नुहोस्)।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### लिङ्ग छनौट गर्ने

**1 लिङ्ग छनौट गर्ने**

"**लिङ्ग**" छनौट गर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### कार्यस्थल / शिक्षण संस्थामा आबद्धताको पुष्टि गर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

बसोबास योग्यता “Student” वा “Technical Intern Training” भयो भने थप आबद्धता पुष्टि गर्नुहोस्।

### 1 आबद्धता पुष्टि गर्ने कागजात छनौट गर्ने

तयारी गरेको आबद्धता पुष्टि गर्ने कागजात छनौट गर्नुहोस्।

> ⚠ तपाईंको नाम र कार्यस्थल वा आबद्ध शिक्षण संस्था उल्लेख गरिएको हुनुपर्छ।
> नाम निवास कार्डसँग मेल खाएको हुनुपर्छ।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### रोजगार प्रमाणपत्र आदिको फोटो खिच्ने

***यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।**

"विद्यार्थी परिचयपत्र", "कर्मचारी परिचयपत्र" वा "रोजगार प्रमाणपत्र" को फोटो खिच्नुहोस्।

#### 1 "क्यामेरा सुरु गर्ने" छनौट गर्ने

"**क्यामेरा सुरु गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

#### 2 रोजगार प्रमाणपत्र आदिको फोटो खिच्ने

स्क्रिनको निर्देशन अनुसार रोजगार प्रमाणपत्र आदिलाई फ्रेम भित्र मिलाएर "**फोटो खिच्नुहोस्**" छनौट गर्नुहोस्।

#### 3 फोटो पक्का गर्ने

फोटो अस्पष्ट भएको वा रोजगार प्रमाणपत्र आदि बाहेक केही चिज खिचिएको खण्डमा फेरि फोटो खिच्नुहोस्।
ठिक भयो भने "**यो तस्विर प्रयोग गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।










⚠ निम्न अवस्थामा फेरि फोटो खिच्न अनुरोध गरिन्छ।

**फेरि फोटो खिच्नुपर्ने अवस्था**



फोटो अस्पष्ट भएको



प्रमाणपत्र बाहेक केही चिज पनि सँगै खिचिएको

फोटो अस्पष्ट भएको वा अरू केही चिज पनि सँगै खिचिएको खण्डमा फेरि आवेदन दिनुपर्ने हुन सक्छ।

*यदि तपाईंले बसोबासको प्रमाणपत्र वा व्यक्तिगत नम्बरको सूचना जस्ता प्रक्रियाको लागि नचाहिने कागजातहरूको फोटो खिच्नुभयो भने खाता खोल्न सकिँदैन।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# आफ्नो पेशा छनौट गर्ने

### ① आफ्नो पेशा छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट आफ्नो पेशा छनौट गर्नुहोस्।
विकल्पहरू निम्न अनुसार छन्।

**कम्पनी कर्मचारी / संस्थान कर्मचारीहरू**
**कम्पनी / संस्थानका कार्यकारी अधिकृतहरू**
**पार्ट टाइम / आरुबाइतो कर्मचारी / हाकेन / करार कर्मचारी**
**एकल व्यवसाय संचालक / स्वरोजगार**
**सरकारी कर्मचारी**
**वकिल / न्यायिक लेखक / एकाउन्टेन्ट / कर एकाउन्टेन्ट / प्रशासनिक लेखक**
**गृहिणी / गृहपति**
**सेवानिवृत्त / बेरोजगार / प्रिस्कूल जाने उमेरका बालबालिकाहरू**
**विद्यार्थी**
**अन्य**

⚠ "पेशा" को छनौटमा "**अन्य**" छनौट गर्दा खाली ठाउँ देखा पर्ने भएकोले "पेशा" को विवरण जापानी भाषामा भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### गैर-निवासी ग्राहकहरूको लागि

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### 1 नोट हेर्ने

"ध्यान दिनुपर्ने कुराहरू जाँच गर्नुहोस्"
छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।
देखाइने नोट अवश्य हेर्नुहोस्।

#### 2 पक्का गरेपछि अर्कोमा जाने

नोट हेरेपछि "閉じる (बन्द गर्ने)"
छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।






## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# “खाता व्यवस्थापन ऐन” अनुसार खातामा व्यक्तिगत नम्बर लिङ्क गर्नको लागि सहमति

### 1 “खाता व्यवस्थापन ऐन” हेर्ने

“**खाता व्यवस्थापन ऐन जाँच गर्नुहोस्**” छनौट गरेर विवरण हेर्नुहोस्।

### 2 सहमति छ कि छैन छनौट गर्ने

खाता व्यवस्थापन ऐन अनुसार खातामा व्यक्तिगत नम्बर लिङ्क गर्नको लागि सहमति जनाउनुहुन्छ भने “**सहमत छु**”, सहमत छैनँ भने “**अस्वीकार गरेर अर्कोमा**” छनौट गर्नुहोस्।

साथै, यो एपमा व्यक्तिगत नम्बर लिङ्क गर्न नसकिने भएकोले सहमत हुनुहुन्छ भने खाता खोलेपछि नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्न अनुरोध गरिन्छ।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### बसोबास गर्ने देश (कर तिर्ने देश) आदि पुष्टि गर्ने

**"कर सन्धिहरूको कार्यान्वयन सम्बन्धी विशेष प्रावधान ऐन" आदि अनुसार बसोबास गर्ने देश (कर तिर्ने देश) आदिको घोषणा पुष्टि गर्ने**

1. **"कर सन्धिहरूको कार्यान्वयन सम्बन्धी विशेष प्रावधान ऐन"  आदि अनुसार बसोबास गर्ने देश (कर तिर्ने देश) आदिको घोषणामा सहमत हुने**

घोषणाको विवरणमा सहमत हुनुहुन्छ भने **"सहमत छु"** छनौट गर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### आफ्नो बसोबास गर्ने देश (कर तिर्ने देश) को बारेमा

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### 1 आफ्नो बसोबास गर्ने देश (कर तिर्ने देश) छनौट गर्ने

जापानमा बसोबास गरेकाहरू (निवास कार्ड रहेकाहरू) को बसोबास गर्ने देश चाहिँ साधारणतया "जापान" हो।

✓ **"जापान मात्र" भयो भने**

"**हो**" छनौट गर्नुहोस्।

✓ **"जापान बाहेक छ" भयो भने**

"**जापान बाहिरका अन्य देश(हरू)मा पनि छ**" छनौट गर्नुहोस्।
बसोबास गर्ने देश (कर तिर्ने देश) को लागि "जापान बाहिरका अन्य देश(हरू)मा पनि छ" छनौट गरेका ग्राहकहरू करदाता नम्बर थाहा हुने चिज आफ्नो हातमा तयारी गर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### 2 "मुख्य बसोबास गर्ने देश (कर तिर्ने देश)" छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट तपाईंको मुख्य बसोबास गर्ने देश (कर तिर्ने देश) छनौट गर्नुहोस्। 3 वटा सम्म छनौट गर्न सकिन्छ।




### ⚠ ध्यान दिनुहोस्

- निवासको देश भनेको तपाईंको कर सम्बन्धी ठेगाना आदि भएको देशलाई जनाउँछ।
  यदि तपाईं जापानको बासिन्दा हुनुहुन्छ भने "जापान" लाई निवासको देशको रूपमा घोषणा गर्नुपर्छ।
  नबुझेका कुराहरू भएमा नजिकैको कर कार्यालयमा सोधपुछ गर्नुहोस्।

- कर सन्धिहरूको कार्यान्वयन सम्बन्धी विशेष प्रावधान ऐन अनुसार केही निश्चित गैर-निवासी ग्राहकहरूको खाता विवरण (नाम, ठेगाना, जन्ममिति, बसोबास गर्ने देश (कर तिर्ने देश), करदाता नम्बर , खाताको मौज्दात आदि) राष्ट्रिय कर एजेन्सीलाई रिपोर्ट गरिनेछ।

- बसोबास गर्ने देश (कर तिर्ने देश) आदिको घोषणा चाहिँ कानूनी कर्तव्य भएकोले घोषणा तथा राष्ट्रिय कर एजेन्सीलाई रिपोर्ट गर्नमा सहमत हुनुहुन्न भने विभिन्न कारोबारहरू स्वीकार गर्न सकिने छैन। पहिल्यै बुझिराख्नुहोस्।

- अमेरिकी कर कानून "विदेशी खाता कर अनुपालन ऐन (FATCA)" अनुसार विभिन्न कारोबारहरूको क्रममा अमेरिकी नागरिक भएको संकेत जानकारी पाइएमा IRS (संयुक्त राज्य अमेरिकाको आन्तरिक राजस्व सेवा) लाई जानकारी खुलासा गर्ने सम्बन्धी सहमति पत्र पेस गर्न अनुरोध गरिन्छ।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### 3 नामको वर्गीकरण पुष्टि गर्ने / सच्याउने

स्क्रिनमा उल्लेखित विवरण हेर्नुहोस्। गल्ती छैन भने "**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

यदि सच्याउनु परेमा "**सच्याउने**" छनौट गरेर सही विवरण भर्नुहोस्।

### 4 करदाता नम्बर भर्ने

बसोबास गर्ने देशको करदाता नम्बर अंग्रेजी र अङ्कमा भर्नुहोस्।

> ⚠ बसोबास गर्ने देशमा करदाता नम्बर प्रणाली नभएमा अथवा त्यो देशको कानून अनुसार खुलासा गर्न नमिलेमा बाहेक करदाता नम्बर भर्न अनुरोध गरिएको छ।

### 5 करदाता नम्बर पुष्टि गर्ने

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।






## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### 6 बसोबास गर्ने देशको ठेगाना भर्ने

बसोबास गर्ने देशको "**ठेगाना**" भर्नुहोस्।

⚠ ठेगाना चाहिँ अंग्रेजीमा भर्नुहोस्।
देशको नाम चाहिँ भर्नु पर्दैन।
अंग्रेजी, अङ्क, स्पेस बाहेक / - ( ) का चिन्हहरू पनि भर्न मिल्छ।

### 7 बसोबास गर्ने देशको ठेगाना पुष्टि गर्ने

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

⚠ "बसोबास गर्ने देश र ठेगाना फरक हुने कारण" भएको खण्डमा Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्नुहोस्।




ⓘ मुख्य बसोबास गर्ने देश (कर तिर्ने देश) "अमेरिका" वा तपाईंको राष्ट्रियता "अमेरिका" भयो भने अमेरिकाको करदाता नम्बर, नामको वर्गीकरण, जापानको ठेगाना (अंग्रेजी)* र अमेरिकाको ठेगाना (अंग्रेजी) भर्न र पुष्टि गर्न अनुरोध गरिएको छ।

*तपाईंले भर्नुभएको ठेगाना अंग्रेजीमा परिवर्तन गराइनेछ तर केही अक्षरहरू परिवर्तन नहुन सक्छ। त्यस्तो अवस्थामा चाहिँ त्यो भागलाई हातले सच्याउनुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### कारोबारको उद्देश्य आदिको घोषणाबारे

**"अपराधजन्य आयको स्थानान्तरण रोकथाम सम्बन्धी कानुन" अनुसार कारोबारको उद्देश्य आदिको घोषणाबारे**

**1 "कारोबारको समयमा प्रमाणीकरण बारेमा" हेर्ने**

"**कारोबारको समयमा प्रमाणीकरण बारेमा**" छनौट गरेर विवरण हेर्नुहोस्।

**2 "अर्कोमा" छनौट गर्ने**

"**अर्कोमा**" बटन थिचेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### आफ्नो व्यवसाय / व्यवसायको प्रकार छान्ने, आफ्नो कार्य चयन गर्ने, आफ्नो जागिरको पद चयन गर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### 1 प्रत्येक बुँदाहरू छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट आफूलाई मिल्ने कुराहरू छनौट गर्नुहोस्।

⚠ प्रत्येक विषयमा छनौट गर्दा “**अन्य**” छनौट गरेमा खाली ठाउँ देखा पर्ने भएकोले “विवरण” जापानी भाषामा भर्नुहोस्।

? व्यवसाय / व्यवसायको प्रकार चाहिँ एकभन्दा बढी छनौट गर्न सकिन्छ।









## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### वार्षिक आम्दानी छनौट गर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### ① वार्षिक आम्दानी छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट तपाईंको वार्षिक आम्दानी छनौट गर्नुहोस्।
विकल्पहरू निम्न अनुसार छन्।

0 येन ~ 10 लाख येन वा सोभन्दा कम
10 लाख येन ~ 30 लाख येन वा सोभन्दा कम
30 लाख येन ~ 50 लाख येन वा सोभन्दा कम
50 लाख येन ~ 70 लाख येन वा सोभन्दा कम
70 लाख येन ~ 90 लाख येन वा सोभन्दा कम
90 लाख येन ~ 1 करोड 20 लाख येन वा सोभन्दा कम
1 करोड 20 लाख येनभन्दा बढी



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### कार्यस्थल / आबद्ध शिक्षण संस्थाको नाम भर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### 1 कार्यस्थल / आबद्ध शिक्षण संस्थाको नाम भर्ने

"**कम्पनीको नाम / स्कुलको नाम**" भर्नुहोस्।

> ⚠ कार्यस्थल / आबद्ध शिक्षण संस्था जापानी भाषामा भर्नुहोस्। अनि कम्पनीको नाम वा स्कुलको नाममा हुने अंग्रेजी अक्षर चाहिँ अंग्रेजीमै भर्नुहोस्।

#### 2 भरेका विवरणहरू पक्का गर्ने

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### कार्यस्थल वा स्कूलको ठेगाना भर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### ① कार्यस्थल वा स्कूलको ठेगाना भर्ने

कार्यस्थल वा स्कूलको "**ठेगाना**" भर्नुहोस्।
पोस्टल कोड थाहा छ भने "**पोष्ट कोडबाट ठेगाना खोज्नुहोस्**" छनौट गर्ने तर पोष्ट कोड थाहा छैन भने चाहिँ "**प्रिफेक्चरहरूबाट छनौट गर्नुहोस्**" छनौट गर्नुहोस्।

⚠ ठेगाना चाहिँ जापानी भाषामा भर्नुहोस्।

**ठेगाना पक्का गर्ने तरिकाको बारेमा चाहिँ पृष्ठ 73 हेर्नुहोस्।**



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### कार्यस्थल वा स्कूलको फोन नम्बर भर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

**1 कार्यस्थल वा स्कूलको फोन नम्बर भर्ने**

कार्यस्थल वा स्कूलको "**फोन नम्बर**" भर्नुहोस्।

**2 कार्यस्थल वा स्कूलको फोन नम्बर पुष्टि गर्ने**

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

## आर्थिक प्रतिबन्धहरूको अधीनमा रहेका देशहरू आदिसितको कारोबारको बारेमा हेर्ने

### 1 आर्थिक प्रतिबन्धहरूको अधीनमा रहेका देशहरू आदिबारे

"**आर्थिक प्रतिबन्धहरूको अधीनमा रहेका देशहरू आदिको बारेमा**" छनौट गरेर विवरण हेर्नुहोस्।

### 2 उत्तर छनौट गर्ने

मिल्ने उत्तर छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# खाता प्रयोग गर्ने उद्देश्य छनौट गर्ने

### ① खाता प्रयोग गर्ने मुख्य उद्देश्य छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट तपाईंले खाता प्रयोग गर्ने मुख्य उद्देश्य छनौट गर्नुहोस्। विकल्पहरू निम्न अनुसार छन्।

बचत / सम्पत्ति व्यवस्थापन
तलब प्राप्त गर्ने
पेन्सन प्राप्त गर्ने
जीवनयापन खर्चको भुक्तानी
शिक्षा, बालबालिका पालनपोषण, अतिरिक्त क्रियाकलाप / छात्रवृत्ति
खाताबाट रकमान्तरण र अनलाइन भुक्तानी
लाभहरूको प्राप्ति र बीमा प्रिमियमको भुक्तानी
वित्त लगानी
विदेशी मुद्रा कारोबार
अन्य




### ② अन्य प्रयोग गर्ने उद्देश्य छनौट गर्ने

खाता प्रयोग गर्ने अन्य उद्देश्य भएमा स्क्रिनमा उल्लेखित विकल्पहरूबाट छनौट गर्नुहोस्। एकभन्दा बढी विकल्पहरू छनौट गर्न सकिन्छ।

### ③ प्रयोग गर्ने उद्देश्य पक्का गर्ने

प्रयोग गर्ने सबै उद्देश्य छनौट गरेपछि "**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

⚠ प्रयोग गर्ने सबै उद्देश्य भर्नुहोस्।
प्रयोग गर्ने मुख्य उद्देश्य बाहेक अरू उद्देश्य छैन भने "②**अन्य प्रयोग गर्ने उद्देश्य छनौट गर्ने**" मा "**अरू कुनै उद्देश्य छैन**" छनौट गर्नुहोस्।

⚠ "प्रयोग गर्ने उद्देश्य" छनौट गर्दा "**अन्य**" छनौट गरेमा खाली ठाउँ देखा पर्ने भएकोले "प्रयोग गर्ने उद्देश्य" को विवरण जापानी भाषामा भर्नुहोस्।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### Japan Post Bank मा खाता खोल्नुपर्ने कारण

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

#### ① खाता खोल्ने कारण भर्ने

अरू वित्तीय संस्था नभई Japan Post Bank मै खाता खोल्नुपर्ने कारण “**जापानी भाषा**” मा भर्नुहोस्।

#### ② खाता खोल्ने कारण पक्का गर्ने

“**पक्का गर्ने**” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# कारोबार गरिने स्रोत (उत्पत्ति) छनौट गर्ने

### 1 स्रोत (उत्पत्ति) छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट कारोबार गरिने स्रोत (उत्पत्ति) छनौट गर्नुहोस्।

⚠ "स्रोत (उत्पत्ति)" छनौट गर्ने बेला "**अन्य**" छनौट गरेमा खाली ठाउँ देखा पर्ने भएकोले "स्रोत (उत्पत्ति)" का विवरण जापानी भाषामा भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### कारोबार गरिने स्रोत (उत्पत्ति) को विस्तृत विवरण भर्ने

*यो स्क्रिन खास ग्राहकहरूको लागि मात्र देखा पर्छ।

**1 स्रोत (उत्पत्ति) को विस्तृत विवरण भर्ने**

स्रोत (उत्पत्ति) बारे अझ विस्तृत रूपमा "**जापानी भाषा**" मा भर्नुहोस्।

**2 स्रोत (उत्पत्ति) को विस्तृत विवरण पक्का गर्ने**

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# कारोबारको आवृत्ति छनौट गर्ने, कारोबार रकम छनौट गर्ने

### 1 कारोबार सङ्ख्या छनौट गर्ने, कारोबार रकम छनौट गर्ने

स्क्रिनमा उल्लेखित विकल्पहरूबाट तपाईंको कारोबार सङ्ख्या / कारोबार रकम छनौट गर्नुहोस्।

कारोबार सङ्ख्या र कारोबार रकमको विस्तृत विवरणबारे च्याटको "?" चिन्ह थिचेर व्याख्या हेर्नुहोस्।






## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

## 1 पटकमा 20 लाख येनभन्दा बढीको नगद कारोबारबारे

### 1 अनुमानित कारोबार रकम छनौट गर्ने

आगामी कारोबारहरूमा 1 पटकमा 20 लाख येनभन्दा बढी नगद जम्मा गर्ने वा झिक्ने योजना छ भने "**योजना गरेको छु**" छनौट गर्नुहोस्।

योजना नगरेका ग्राहकहरू चाहिँ "**योजना गरेको छैन**" छनौट गर्नुहोस्।

"**योजना गरेको छु**" छनौट गरेमा "नगदमा कारोबार गर्ने कारण" भर्ने ठाउँ देखा पर्नेछ। नगदमा कारोबार गर्ने कारण, स्रोत र प्रयोग गर्ने उद्देश्य स्पष्ट रूपमा जापानी भाषामा भर्नुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# अन्तर्राष्ट्रिय रकम स्थानान्तरणबारे

### ❶ अन्तर्राष्ट्रिय रकम स्थानान्तरणको योजना पक्का गर्ने

अन्तर्राष्ट्रिय रकम स्थानान्तरण गर्ने योजनामा रहेका ग्राहकहरू "**छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।
"**छैन**" छनौट गरेका ग्राहकहरू चाहिँ **पृष्ठ 63** हेर्नुहोस्।

### ❷ योजना गरेको कारोबार छनौट गर्ने

च्याटको निर्देशन अनुसार योजना गरेको कारोबार, अन्तर्राष्ट्रिय रकम स्थानान्तरण गरिने अनुमानित देश र कारोबार सङ्ख्या आदि छनौट गर्नुहोस्।

### ❸ "अर्कोमा" छनौट गर्ने

कारोबारको विवरण छनौट गरेपछि "**अर्कोमा**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### नगद कार्डको पिन नम्बर सेटिङ्ग गर्ने

#### ① पिन नम्बर सेटिङ्ग गर्ने

नगद कार्डको पिन नम्बर सेटिङ्ग गर्नुहोस्। 4 अङ्कको पिन नम्बर भर्नुहोस्।

#### ② पिन नम्बर पक्का गर्ने

निश्चित गर्नको लागि ① मा सेटिङ्ग गरेको पिन नम्बर फेरि भर्नुहोस्।

#### ③ विवरण पक्का गर्ने

पिन नम्बर भरिसकेपछि "**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।




⚠ नगद कार्डको पिन नम्बरको लागि सजिलै अनुमान गर्न सकिने निम्न नम्बरहरू प्रयोग गर्न सकिँदैन।

- **एउटै अङ्कहरू**
- **लगातार अङ्कहरू**
- **जन्ममितिका अङ्कहरूको संयोजन**

सेटिङ्ग गरेको पिन नम्बर खाता खोलेपछि विभिन्न कारोबारमा चाहिने भएकोले व्यवस्थापनमा पर्याप्त सावधानी अपनाउनुहोस्।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

### Yucho Direct सेटिङ्ग गर्ने

**Yucho Direct (इन्टरनेट बैंकिङ्ग) को लगइन पासवर्ड भर्ने**

**① लगइन पासवर्ड सेटिङ्ग गर्ने**

Yucho Direct को लगइन पासवर्ड सेटिङ्ग गर्नुहोस्। **8 देखि 12 अङ्कको आधा साइजका अक्षरहरूमा "अङ्क", "सानो अंग्रेजी अक्षर" र "ठूलो अंग्रेजी अक्षर" प्रत्येकबाट कम्तिमा 1 अक्षर प्रयोग** गरी पासवर्ड भर्नुहोस्। साथै, चिन्हहरू ("@", "!" आदि) प्रयोग गर्न सकिँदैन।

**② लगइन पासवर्ड पक्का गर्ने**

निश्चित गर्नको लागि ① मा सेटिङ्ग गरेको लगइन पासवर्ड फेरि भर्नुहोस्।

**③ विवरण पक्का गर्ने**

लगइन पासवर्ड भरिसकेपछि **"पक्का गर्ने"** छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।




⚠ पासवर्डको लागि सर्त पूरा नभएको खण्डमा "पक्का गर्ने" बटन छनौट गर्न सकिँदैन।

⚠ पासवर्ड Yucho Direct मा लगइन गर्न चाहिने भएकोले कृपया नबिर्सनुहोस्।

## STEP 3. आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

# एप / Direct बाट गरिने 1 दिनको स्थानान्तरण सीमा रकम सेटिङ्ग गर्ने

### 1 स्थानान्तरण सीमा रकम सेटिङ्ग गर्ने

एप / Direct बाट गरिने प्रति दिनको स्थानान्तरण सीमा रकम*लाई 0 देखि 5 लाख येनको बीचमा भर्नुहोस्। साथै, खाली ठाउँमा सुरुमा 50 हजार येन सेटिङ्ग गरिएको हुन्छ।

*Yucho Direct तथा पोस्ट बैंक पासबुक एपबाट 1 दिनमा गर्न सकिने स्थानान्तरण वा भुक्तानीको कुल अधिकतम सीमा रकम

### 2 विवरण पक्का गर्ने

भरिसकेपछि "**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 4. प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

### प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

**1 "प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्" छनौट गर्ने**

"**प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 4. प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

### प्रक्रिया पूरा गर्नको लागि पक्का गर्नुपर्ने कुराहरू

प्रक्रिया पूरा गर्नको लागि पक्का गर्नुपर्ने प्रत्येक कुराहरू हेर्नुहोस्।

#### 1 पक्का गर्नुपर्ने प्रत्येक कुराहरू हेर्ने

**अवश्य विवरण हेरेर** ठिक छ भने **चेक बक्समा** टिक लगाउनुहोस्।

#### 2 प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

भरेका / छनौट गरेका विवरणहरू सूचीमा देखाइनेछ। भरेका विवरणहरूमा गल्ती छ कि छैन पक्का गर्नुहोस्।

भरेका विवरणहरूमा गल्ती भएमा प्रत्येक बुँदाको छेवैमा रहेको "**सुधार**" छनौट गरेर सच्याउनुहोस्। साथै, छनौट गरेको बुँदा बाहेक अरू पनि फेरि भर्नुपर्ने हुन सक्छ।




#### 3 "पुष्टि गरी अर्कोमा जाने" छनौट गर्ने

"**पुष्टि गरी अर्कोमा जाने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।



## STEP 4. प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

### ● खाता खोल्ने आवेदनको जाँचबारे

बचत प्रशासनिक केन्द्र (अपरेशन सहायता केन्द्र) ले आवेदनका विवरणहरू पक्का (जाँच) गर्नेछ।

#### ① "जाँचको बारेमा ध्यान दिनुपर्ने बुँदाहरू समीक्षा गर्नुहोस्" छनौट गर्ने

"**जाँचको बारेमा ध्यान दिनुपर्ने बुँदाहरू समीक्षा गर्नुहोस्**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

#### ② "सहमत भएर अर्कोमा जाने" छनौट गर्ने

जाँचको बारेमा ध्यान दिनुपर्ने बुँदाहरू हेर्नुभयो भने "**सहमत भएर अर्कोमा जाने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।






## STEP 4. प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

### इमेल ठेगाना भर्ने

**1 जाँचको नतिजा पाउनको लागि इमेल ठेगाना भर्ने**

आफ्नो **इमेल ठेगाना भर्नुहोस्**।

**2 विवरण पक्का गर्ने**

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

**3 विवरण पक्का गर्ने**

भरेको इमेल ठेगानामा गल्ती छैन भने
"**सही छ**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

**4 "इमेल पठाउने" छनौट गर्ने**

"**इमेल पठाउने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

**5 पुष्टिकरण नम्बर भर्ने**

भरिएको इमेल ठेगानामा पठाइएको
इमेलमा उल्लेखित **6 अङ्कको पुष्टिकरण नम्बर भर्नुहोस्**।

**6 पुष्टिकरण नम्बर पक्का गर्ने**

"**पक्का गर्ने**" छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।




### ⚠ इमेल ठेगाना सम्बन्धी नोट

इमेल ठेगाना पुष्टि गर्न निम्न इमेल ठेगानाबाट इमेल पठाइनेछ।
**information@tetsuzuki.jp-bank.japanpost.jp**
यदि तपाईंले स्प्याम फिल्टरहरू सेट गर्नुभएको छ भने इमेल प्राप्त नहुन सक्छ। पहिल्यै आफ्नो इमेल स्वीकृति सेटिङ्ग पक्का गर्नुहोस्।



## STEP 4. प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

### तपाईंको आवेदन पेस गरियो

यत्तिकैमा आवेदनका प्रक्रियाहरू पूरा भयो। तपाईंले दिनुभएको आवेदनका विवरणहरू जाँच गरेपछि खाता खोल्ने प्रक्रिया सुरु गरिनेछ।

नतिजा तपाईंले बुझाउनुभएको इमेल ठेगानामा पठाइनेछ।

⚠ रसिद नम्बर अवश्य आफूसँग राखिराख्नुहोस्।

**आवेदन दर्ता सम्पन्न**

Japan Post Bank खाता खोल्ने आवेदन दिनुभएकोमा धन्यवाद।
तपाईंको आवेदनको विवरण पुष्टि गरेपछि, हामी खाता खोल्ने प्रक्रिया अगाडि बढाउँछौं। नतिजा तपाईंले प्रविष्ट गर्नुभएको इमेल ठेगानामा पठाइनेछ।

**रसिद नम्बर**

रसिद नम्बर
012345678

※ रसिद नम्बर टिप्न नछुटाउनुहोस्।

※ खाता खोल्ने आवेदनको नतिजा तपाईंलाई सूचित गर्न र क्यास कार्ड पठाउन हामीलाई सामान्यतया दुई हप्ता लाग्छ।

**ध्यान दिनुपर्ने कुराहरू**

- पछि कुनै समयमा पासबुक जारी गर्ने खातामा परिवर्तन गर्न चाहनुहुन्छ भने, तपाईंले क्यास कार्ड प्रयोग गरेर पासबुक अद्यावधिक गर्ने सुविधा सहितको ATM मा त्यसो गर्न सक्नुहुन्छ। खाता खोल्ने कार्य सकिएको दुई महिनासम्म कुनै परिवर्तन शुल्क लाग्दैन (पहिलो पटक जारी गर्दा मात्र)

**आवेदन दर्ता**

### ! नोट

**जाँच गरेको नतिजा इमेल**

भरिएको इमेल ठेगानामा जाँच गरेको नतिजा पठाइनेछ।

*जाँच गरेको नतिजा लगभग 1 हप्तामा खबर गरिनेछ।

**नगद कार्ड**

जाँच गरेको नतिजा स्वरूप खाता खोल्न मिलेमा नगद कार्ड खाता खोलिएपछि लगभग 1 हप्तामा दर्ता गरिएको ठेगानामा पठाइनेछ (पठाइने तरिका : अर्के ठेगानामा ट्रान्सफर गर्न नमिल्ने र सामान्य दर्ता गरिएको हुलाक)।
तपाईंले नगद कार्ड हुलाकबाट प्राप्त गर्नुभएन भने खाताको कारोबारमा सिमित पारिन सक्ने भएकोले होसियार हुनुहोस्।

*जाँच गरेको नतिजा स्वरूप खाता खोल्न नमिल्न सक्ने भएकोले पहिल्यै त्यो कुरा बुझिराख्नुहोस्।

**खाताको जानकारी**

नगद कार्ड सँगसँगै "Yucho Direct को ग्राहक नम्बर" को कागजातहरू* पठाइनेछ। "ग्राहक नम्बर" र खाता खोलेको बेला सेटिङ्ग गर्नुभएको Direct लगइन पासवर्ड प्रयोग गरेर Yucho Direct मा पहिलो पटक लगइन गर्नुहोस्।

*"ग्राहक नम्बर" र "खाता नम्बर" उल्लेख गरिएकोले राम्रोसँग राखिराख्नुहोस्।
*खाता नम्बर चाहिँ नगद कार्ड आइपुगेपछि पुष्टि गर्नुहोस्। सुरक्षाको लागि फोनद्वारा चाहिँ तपाईंलाई त्यसबारे उत्तर दिन सकिने छैन।

## 4 अक्सर सोधिने प्रश्नहरू

एप प्रयोग गर्दागर्दै केही समस्यामा पर्नुभयो भने Japan Post Bank वेबसाइटमा रहेको अक्सर सोधिने प्रश्नहरू हेर्नुहोस्।

### खाता खोल्नको लागि आवेदनबारे

### Q कस्ता व्यक्तिहरूले खाता खोल्न सक्छन्?

जापानमा बसोबास गर्ने 16 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिगत ग्राहकहरूले आफ्नो खाता खोल्न सक्नुहुनेछ।
यद्यपि, निम्न मध्ये कुनै पनि अवस्था लागू भएमा खाता खोल्न सकिने छैन।

- पहिल्यै Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेका ग्राहकहरू (अहिले प्रयोग नगरे पनि (खाता बन्द गरिसकेको अवस्थामा बाहेक) लागू हुन्छ)
- व्यवसायको लागि खाता प्रयोग गर्न चाहने व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- 16 वर्षभन्दा मुनिका ग्राहकहरू
- विदेशी नागरिक तर निवास कार्ड नभएका ग्राहकहरू (विशेष स्थायी निवासी / कूटनीतिज्ञ आदि)
- निवास कार्डको बसाइ अवधिको म्याद समाप्त हुने मिति 3 महिनाभन्दा कम वा निवास कार्ड नवीकरण प्रक्रियामा रहेका ग्राहकहरू
- विदेशी सरकार आदिमा महत्त्वपूर्ण औपचारिक ओहदाको व्यक्ति / उहाँका परिवार (विदेशी PEPs (राजनीतिक रूपमा प्रभावशाली व्यक्ति)) मा पर्ने ग्राहकहरू
- जापानमा बसोबास नगरेका ग्राहकहरू
- वयस्क अभिभावकत्व प्रणाली प्रयोग गरेका ग्राहकहरू
- नाममा II, III आदि समावेश हुने ग्राहकहरू

साथै, व्यक्तिगत पहिचान कागजातको म्याद सिद्धिएको वा कागजातमा उल्लेखित ठेगाना र वास्तवमा बसोबास गरेको ठेगाना फरक भएको जस्ता अवस्थामा आवेदनको जानकारी समग्र रूपमा मूल्यांकन गरेर खाता खोल्न अस्वीकार गर्न सक्छ।

### Q पहिल्यै Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेको छु, "Yucho Tetsuzuki App" द्वारा नयाँ खाता खोल्न सक्छु कि?

प्रत्येक व्यक्तिको लागि एउटा मात्र खाता प्रयोग गर्न अनुरोध गरिएको छ।
आवेदन दिएपछि पहिल्यै खाता बनाइसकेको कुरा पत्ता लगाइयो भने सैद्धान्तिक रूपमा दोस्रो खाता खोल्न इन्कार गरिनेछ। पहिल्यै बुझिराख्नुहोस्।

### Q विदेशी नागरिक भए पनि बच्चाको नामको खाता पनि Yucho Tetsuzuki App बाट खोल्न मिल्छ?

खातावाला (बालबालिका) र प्रतिनिधि (अभिभावक) दुवैजना जापानी नागरिक भएमा मात्र Yucho Tetsuzuki App बाट बालबालिकाको खाता खोल्ने प्रक्रिया पूरा गर्न सकिन्छ। जापानी नागरिक नभएका ग्राहकहरू निवास कार्ड पुष्टि गर्नुपर्ने भएकोले Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्न अनुरोध गरिन्छ।

## खाता खोल्नको लागि आवेदनबारे

### Q Japan Post Bank वा हुलाक कार्यालयमा Yucho Tetsuzuki App बाट खाता खोल्दा ह्यान्डलिङ शाखा नम्बर भर्न निर्देशन दिइयो। कहाँ भर्नुपर्छ?

Yucho Tetsuzuki App मा "म नयाँ खाता बनाउन चाहन्छु" छनौट गरेपछि "Japan Post Bank वा हुलाक कार्यालयमा यो एपको जानकारी गराइएको हो भने, कृपया जानकारी गराउने ह्यान्डलिङ शाखा नम्बर प्रविष्ट गर्नुहोस्" भनेर स्क्रिनमा च्याट र उत्तर दिने ठाउँ देखा पर्ने भएकोले जवाफ दिने ठाउँमा ह्यान्डलिङ शाखा नम्बर (5 वा 6 अङ्कको सङ्ख्या) भर्नुहोस्।

*एपको बारेमा जानकारी गराइएको छैन भने "जानकारी गराइएको छैन" छनौट गर्नुहोस्।

## यो एपको बारेमा

### Q Yucho Tetsuzuki App बाट खाता खोल्ने प्रयास गरेँ तर व्यक्तिगत पहिचान कागजात राम्रोसँग रिडिङ भएन।

व्यक्तिगत पहिचान कागजातको IC चिप राम्रोसँग रिडिङ गर्न नसकेमा नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा खाता खोल्नको लागि प्रक्रिया पूरा गर्नुहोस्।

### Q "अहिले मर्मत कार्य भइरहेको छ" भनेर देखाउँछ।

सर्भर मर्मतको समयमा देखाइन्छ। माफ गर्नुहोस्, पुनः सुचारु नभएसम्म एकछिन पर्खनुहोस्।

### Q Yucho Tetsuzuki App प्रयोग गर्दा "संचार असफल भयो" भनेर देखाइयो।

कृपया आफ्नो नेटवर्क अवस्था जाँच गरेर राम्रो नेटवर्क भएको ठाउँमा गएर पुनः प्रयास गर्नुहोस्।
यदि समस्या समाधान भएन भने कृपया आफ्नो डिभाइस रिस्टार्ट गर्नुहोस् वा अर्को डिभाइसबाट आवेदन दिनुहोस्।

### Q Yucho Tetsuzuki App बाट प्रक्रिया गरेको दौडान "प्रक्रिया रद्द गरिनेछ" भनेर देखाइयो।

निश्चित समयसम्म कुनै पनि कार्य नभएकोले प्रक्रिया रद्द गर्ने बेला देखाइने एरर हो।
माफ गर्नुहोस्, फेरि सुरुदेखि प्रक्रिया सुरु गर्नुहोस्।

## अन्य समस्यामा परेकाहरू

### Q जापानको ठेगाना लेख्ने तरिका थाहा छैन।

जापानको ठेगाना लेख्ने क्रम
①पोस्ट कोड
②प्रिफेक्चर
③सहर / नगरपालिका
④ब्लक / नम्बर
हो।
यदि ठेगाना सच्याउनु परेमा दायाँ उल्लेखित कुरा हेरेर जापानी भाषामा भर्नुहोस्।

⚠ यदि ठेगाना सच्याउनु परेमा कृपया जापानको ठेगाना लेख्ने नियम अनुसार भर्नुहोस्।

**उदाहरण) जापानको ठेगाना भर्ने क्रम**

| ① | ② | ③ | ④ |
|---|---|---|---|
| 〒100-0004 | 東京都 | 千代田区大手町 | 2丁目3番1号 |
| पोस्ट कोड | प्रिफेक्चर | सहर / नगरपालिका | ब्लक / नम्बर |

*माथिको ठेगाना अंग्रेजीमा लेख्दा क्रम उल्टो हुने भएकोले गलत क्रममा नभर्न होसियार हुनुहोस्।

| ④ | ③ | ② | ① |
|---|---|---|---|
| 2-3-1 | , Otemachi,Chiyoda-ku , | Tokyo , | 100-0004 |
| ब्लक / नम्बर | सहर / नगरपालिका | प्रिफेक्चर | पोस्ट कोड |

### Q जापानी भाषा बाहेकको भाषामा एप प्रयोग गरेको खण्डमा स्वतन्त्र भर्ने स्क्रिनमा त्यो भाषामा भर्न सकिन्छ कि?

एपको भाषा जेसुकै भए पनि जापानी भाषामा भर्नुहोस्।
यदि प्रयोग गर्ने बेला भर्ने तरिका थाहा नभएमा कार्यस्थलको सम्बन्धित् व्यक्ति आदिलाई सोधेर पक्का गर्नुहोस्।

**Yucho Tetsuzuki App सम्बन्धी सोधपुछको लागि**

Japan Post Bank एप सपोर्ट डेस्क 〈Toll Free〉 **0120-210-765**

**[सम्पर्क समय] Japan Post Bank वेबसाइटको सोधपुछ पृष्ठमा पक्का गर्नुहोस्।**

अटोमेटिक भ्वाइस गाइड अनुसार “3” Yucho Tetsuzuki App पुश बटन थिच्नुहोस्।
भ्वाइस गाइडको बीचमा पनि छनौट गर्न सकिन्छ।

Japan Post Bank का उत्पादन र सेवाहरूबारे “Japan Post Bank वेबसाइट” हेर्नुहोस्।

**https://www.jp-bank.japanpost.jp/**

हुलाक कार्यालय चाहिँ Japan Post Bank का उत्पादन तथा सेवाहरू प्रस्तुत गर्ने बैंकिङ्ग एजेन्ट हो।

*मोबाइलबाट पनि निःशुल्क फोन गर्न सकिन्छ। *IP फोन लगायतका केही प्रकारका फोनहरूबाट यो सेवा उपलब्ध नहुन सक्छ। *यदि तपाईंको फोन आफ्नो नम्बर नदेखाउने सेटिङ्गमा छ भने माथिको नम्बरको अगाडि 186 थपेर फोन गर्नुहोस्।
*यो सेवा जापानी भाषामा मात्र उपलब्ध छ। जापानी भाषा बोल्न नसक्ने ग्राहकहरू कृपया जापानी भाषा बोल्न सक्ने ग्राहकसँगै हामीलाई फोन गर्नुहोस्।

*उल्लेखित विवरण 2026 साल सेप्टेम्बर सम्मको जानकारीमा आधारित छ।